# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज धर्मेन्द्र ठाकुर हजाम उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ४,५०,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिइ नेपाल सरकारलाई नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।- समेत गरी विगो रु. ७,५४,२१०।- (सात लाख चवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजायँ गरी घुस रिसवत दिएको विगो ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई नोक्सानी हुन गएको विगो ऐ.को दफा १७ बमोजिम असुलउपर हुन,

**प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उपर धर्मेन्द्र ठाकुर हजामबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ४,५०,०००।- र आफैंले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका दुलारचन प्रसाद कुर्मीलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।- समेत गरी विगो रु. ७,५४,२१०।- (सात लाख चवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी घुस रिसवत लिएको रकम ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई नोक्सानी गरेको रकम ऐ. को दफा १७ बमोजिम असुलउपर हुन,

**प्रतिवादी रामवेलास प्रसाद पटेलले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ३,०४,२१०।- (तिन लाख चार हजार दुई सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०/०९/२२ को फैसलाबाटः

- प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले अनुसन्धान अधिकारी समक्षको बयानबाट प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई रु.४,५०,०००।- दिएको भन्ने देखिए पनि यस अदालतमा आफूले कसैलाई रकम नदिएको भनी लेखाएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले निजबाट कुनै रकम लिएको तथ्य अनुसन्धान तहदेखि नै ईन्कारी गरेकोले अनुसन्धान अधिकारी समक्षको बयानमा लेखाएको रु. ११,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो।
- प्रतिवादी रामवेलास प्रसाद पटेलका हकमा प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले नियुक्ति पाएको वा रमाना लिएको वा तलवभत्ता वुझेको भन्ने विद्यालयसँग निजको कुनै सम्वन्ध देखिँदैन। निजले नै आग्रह गरे अनुरुप तलव भत्ताको

सिफारिस गरेको हुँ सो बापत रु.११,०००। दिएका हुन भन्ने अनुसन्धान अधिकारी समक्षको राजेश्वर प्रसाद चौरसियाको बयानका आधारमा दाबी लिईएको सम्वन्धमा निजले अनुसन्धान अधिकारी तथा यस अदालत समक्ष समेत ईन्कारी बयान गरेको।

लगायतका आधारमा आंशिक कसुर ठहर गरी फैसला भएकोमा आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा मिति निम्न आधारहरु लिई २०८१।०५।२७ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क) प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय पर्साको अभिलेख कायम गरी दरवन्दि सहित श्री ने.रा.मा.वि. मसि पर्सामा सरुवा भएको पत्र एवं रमानापत्र समेतका कागजातहरु जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत वि.नि. राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. ४,५०,०००।- लिएर उपलव्ध गराएका हुन् भनि खुलाईदिएबाट कुनैपनि परीक्षाहरु नदिइ दस्तुरको बहानामा रु. ४,५०,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नी.) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरु प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरुले श्री ने.रा.मा.वि. मसि पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको भनी वयान गरेको देखिएबाट प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र धर्मेन्द्र ठाकुर हजामले** घुस/रिसवत लिएको/दिएको रकम रु.४,५०,०००।-(चार लाख पचास हजार) कायम गरी सजाय गर्नु पर्नेमा फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा नि स्वयंले लिएको भनी लेखाएको रु.११,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको त्रुटिपूर्ण रहेको।

ख) प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ४,५०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ४,५०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले ने.रा.मा.वि.मसिमा कार्यरत शिक्षक प्रतिवादी धर्मेन्द्र ठाकुरको नियुक्ति सम्वन्धि कागजात श्रीराम प्रा.वि. पिपरडाढीका प्रधानाध्यापक रामवेलास प्रसाद पटेलको आग्रहमा सिफारिस गरिदिएको हुँ भनि अनुसन्धान अधिकारी समक्ष बयान गरेको। प्रतिवादी रामबेलास प्रसाद पटेलको सहयोगमा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले धर्मेन्द्र ठाकुर हजामको कागत गरि दिएको हुँ भनि वयान गरेको हुँदा प्रतिवादी रामबेलास प्रसाद पटेलले राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भैरहेको अवस्थामा सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण रहेको।

क)

प्रवक्ता
नरहरि घिमिरे

## <u>देहायः</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. धर्मेन्द्र ठाकुर हजाम, राजेश्वर प्रसाद चौरसिया र रामबेलास प्रसाद पटेल** (वि.अ. को मु.नं. ०७६-CR-०१०४), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | **प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज धर्मेन्द्र ठाकुर हजाम उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ४,५०,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिइ नेपाल सरकारलाई नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।- समेत गरी विगो रु. ७,५४,२१०।- (सात लाख चवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजायँ गरी घुस रिसवत दिएको विगो रु.४,५०,०००। ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई नोक्सानी हुन गएको विगो रु.३,०४,२१०।- (तीन लाख चार हजार दुई सय बीस) ऐ.को दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिईएको, **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर | **फैसलाः**<br>**प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसियाको** मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी दुलारचन प्रसाद कुर्मीले तलव भत्ता बापत रु.३,०४,२१०।— भुक्तान लिई बदनियतपूर्वक नेपाल सरकारको हानी नोक्सानी पुऱ्याएको तथा उक्त कार्य वापत प्रतिवादी **धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसिया** लिने भई रिसवत वापत रु ११,०००/- लेनदेन गरेको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम प्रतिवादीहरुबाट बिगो बापत जनही रु.१,५२,१०५/- असुल गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम रिसवत र बिगो बमोजिम जरिबाना जनही रु.१,५७,६०५ /- र सोही उपदफाको खण्ड (घ) बमोजिम जनही छ ( ६ ) महिना कैदको सजाय हुने ठहर्छ।अन्य **प्रतिवादी रामवेलास प्रसाद पटेलले** मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजको हकमा आरोप दाबी पुग्न नसकी सफाई पाउने भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी, र हैसियत यो कसूरसँग सम्वन्धित नै नरहेको अवस्था होईन। निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरवन्दी र अभिलेख सम्मको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नवनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु वनाई प्रतिवादी रुवी कुमारीलाई श्री ने.रा.मा.वि. मसिहानीबाट रु. ३,०४,२१० । - तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको समेत संलग्नता रहेको देखिन आयो।<br>**ख.** यसै प्रसंगमा, यस मुद्दामा प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले रु.४,५०,००० । प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई रिसवत दिएको र निजले लिएको हुँदा घुस रिसवततर्फ पनि उक्त रकम बिगो कायम गरिएको हुँदा सोतर्फ समेत विचार हुन आवश्यक देखियो । प्रतिवादी धर्मेन्द्र ठाकुर हजामको अनुसन्धान अधिकारी समक्षको बयानबाट प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई रु.४,५०,०००।- दिएको भन्ने देखिए पनि यस अदालतमा आफूले | **क.** प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय पर्साको अभिलेख कायम गरी दरवन्दि सहित श्री ने.रा.मा.वि. मसि पर्सामा सरुवा भएको पत्र एवं रमानापत्र समेतका कागजातहरु जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत वि.नि. राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. ४,५०,०००।- लिएर उपलव्ध गराएका हुन् भनि खुलाईदिएबाट कुनैपनि परीक्षाहरु नदिइ दस्तुरको बहानामा रु. ४,५०,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नी.) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कलि कागजातहरु प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरुले श्री ने.रा.मा.वि. मसि पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको भनी वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी **प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले** अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र धर्मेन्द्र ठाकुर हजामले** घुस/रिसवत लिएको/दिएको रकम रु.४,५०,०००।-(चार लाख पचास हजार) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा नि स्वयंले लिएको भनी लेखाएको रु.११,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसपतको बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेको कै अनुसन्धान अधिकारी समक्ष गरेको बयान नै देखिएकोमा स्वयम् **प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले** प्रतिवादी **राजेश्वर प्रसाद चौरासियालाई** पटक पटक गरी मसंगबाट रु. ४,५०,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र ११,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र प्रतिवादी धर्मेन्द्र ठाकुर हजामको** हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. ४,५०,०००।— बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने,<br>**ख.** प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ४,५०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ४,५०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित **(ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०)** भएको अवस्थामा प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर धर्मेन्द्र ठाकुर हजामबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ४,५०,०००।- र आफैंले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका दुलारचन प्रसाद कुर्मीलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई नोक्सानी पुर्याएको रकम रु. ३,०४,२१०।- समेत गरी विगो रु. ७,५४,२१०।- (सात लाख चवन्न हजार दुई सय दश) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजायँ गरी घुस रिसवत लिएको रकम विगो रु.४,५०,०००। ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई नोक्सानी भएको विगो रु. ३,०४,२१०।-( तिन लाख चार हजार दुई सय दश) ऐ. को दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिईएको, **प्रतिवादी रामवेलास प्रसाद पटेलले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन | कसैलाई रकम नदिएको भनी लेखाएको पाईन्छ। प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले निजबाट कुनै रकम लिएको तथ्य अनुसन्धान तहदेखि नै ईन्कारी गरेको देखिन्छ । प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलब भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ । राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै सबुत प्रमाण छाड्ने स्थिति सामान्यतया हुँदैन।<br>**ग.** नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रमिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन। यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्बन्धित संस्थाका प्रमुख र खर्च लेने अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । लगाउमा रहेका ०७६-CR-००८६, ०७६-CR-००८९, ०७६-CR- ००९२, ०७६-CR-०१०३, ०७६-CR- ०१०५, ०७६-CR-०१०६ लगायतका मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा निज स्वयंले लिएको भनी लेखाएको रु. ११,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो।<br>**घ.** अर्का प्रतिवादी रामवेलास प्रसाद पटेलका हकमा विचार गर्दा निज प्रतिवादी श्री राम प्राथमिक विद्यालय पिपरडाढीका प्रधानाध्यापक रहेको देखिन्छ । यी प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले नियुक्ति पाएको वा रमाना लिएको वा तलवभत्ता वुझेको भन्ने विद्यालयसँग निजको कुनै सम्वन्ध देखिंदैन। निजले नै आग्रह गरे अनुरुप तलव भत्ताको सिफारिस गरेको हुँ सो बापत रु.११,०००। दिएका हुन भन्ने अनुसन्धान अधिकारी समक्षको राजेश्वर प्रसाद चौरसियाको बयानका आधारमा दाबी लिईएको पाईन्छ । यस आरोप सम्वन्धमा निजले अनुसन्धान अधिकारी तथा यस अदालत समक्ष समेत ईन्कारी बयान गरेको पाईन्छ । श्री राम प्रा.वि. पिपरडाढीका प्रधानाध्यापक समेत रहेका यी प्रतिवादी स्वयंको नियुक्ति पनि नक्कली रहेको ठहर भई यसै लगाउमा रहेको ०७६-CR- ००९२ को मुद्दामा निज रामवेलास प्रसाद पटेललाई नैं सजाय हुने गरी आजै निर्णय भईसकेको छ ।<br>**ङ.** यसै लगाउमा वीस थान मुद्दा पेस हुन आएको छ । प्रत्येक मुद्दामा निज राजेश्वर प्रसाद चौरसियाले नै विवादित कागजातहरु ल्याईदिएको भनी प्रतिवादीहरुले बयान गरेको देखिन्छ भने निजलाई सवै मुद्दामा सजाय हुने ठहर समेत भएको छ । एक विद्यालयको नक्कली नियुक्ति तयार गर्ने र जिल्ला शिक्षा कार्यालयबाट काज सरुवा गरिएको नक्कली पत्र तयार गरी अर्कै विद्यालयमा वहाल गराउने गरी सवै मुद्दामा करीव एकै प्रकारको तरिका (Modus | देखिदाँ प्रतिवादीहरु धर्मेन्द्र ठाकुर हजाम र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>**ग.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले ने.रा.मा.वि.मसिमा कार्यरत शिक्षक प्रतिवादी धर्मेन्द्र ठाकुरको नियुक्ति सम्वन्धि कागजात श्रीराम प्रा.वि. पिपरडाढीका प्रधानाध्यापक रामवेलास प्रसाद पटेलको आग्रहमा सिफारिस गरिदिएको हुँ भनि अनुसन्धान अधिकारी समक्ष बयान गरेको देखन्छ। प्रतिवादी रामबेलास प्रसाद पटेलको सहयोगमा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले धर्मेन्द्र ठाकुर हजामको कागत गरि दिएको हुँ भनि वयान गरेको हुँदा प्रतिवादी रामबेलास प्रसाद पटेलले राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा ***अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ*** भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त **(ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०)** को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट **प्रतिवादी रामवेलास प्रसाद पटेललाइ** सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण रहेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आएकोले निज प्रतिवादी रामवेलास प्रसाद पटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ३,०४,२१०।- (तिन लाख चार हजार दुई सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिइएको | operandi) अपनाईएको पाईन्छ। तर सबै मुद्दामा नक्कली कागजात तयार गर्नमा यी प्रतिवादी राम विलास प्रसाद पटेलको भूमिका रहेको भन्ने दाबी नै रहेको पाईंदैन । प्रतिवादी धर्मेन्द्र ठाकुर हजामले अनुसन्धान अधिकारी तथा यस अदालतमा समेत बयान गर्दा यी प्रतिवादीलाई पोल गर्न सकेको देखिंदैन । यस वापत निजले कुनै लाभ लिएको भन्ने वादीकै दाबी नरहेको अवस्थामा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको मतियारको रुपमा यी प्रतिवादी रामवेलास प्रसाद पटेलको भूमिका सबुत प्रमाणबाट स्थापित हुन आएको देखिएन । | |